# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ५) पाडुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल चैत्र २७ गते २०७९ (संख्या ८**


## भाग २

**वैतेश्वर गाउँपालिकाको अनुदान तथा आर्थिक सहायता निर्देशिका २०७८ (दोस्रो संसोधन) २०७९ सम्बन्धी सूचना ।**

वैतेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९।१२।२६ गतेको बैठकको निर्णयानुसार वैतेश्वर गाउँपालिकाको अनुदान तथा आर्थिक सहायता निर्देशिका २०७८ मा देहाय बमोजिम दोस्रो संशोधन गरि यो सूचना प्रकाशन गरिएको छ ।

१. परिच्छेद ४ को ४ (घ) को सट्टा देहायको व्यहोरा राखिएको:-

(घ) आगलागी वा बाढी पहिरोले घर जग्गा वा धन सम्पत्ति नष्ट भएको परिवारलाई क्षतिको विवरण हेरी गाउँपालिका प्रमुखको निर्णय अनुसार अनुसूची ६ बमोजिमको आर्थिक सहायता रकम उपलब्ध गराउनेछ ।

२. अनुसूची ६ थप गरिएको

## अनुसूची ६

## आर्थिक सहायताको प्रकृति र दर

| सि.नं. | संरचनाको प्रकार | आंशिक क्षति | पुर्ण क्षति |
|---|---|---|---|
| १ | एक तले कच्ची भवन | १०,००० | ३०,००० |
| २ | एक तले पक्की भवन | २०,००० | ५०,००० |
| ३ | दुई तले कच्ची भवन | २०,००० | ५०,००० |
| ४ | दुई तले पक्की भवन | ३०,००० | ७०,००० |
| ५ | दुई तला भन्दा माथिको कच्ची भवन | ४०,००० | ८०,००० |
| ६ | दुई तला भन्दा माथिको पक्की भवन | ५०,००० | १,००,००० |

द्रष्टव्यः

१. कच्ची भवन भन्नाले ढुङ्गा, माटो, जस्ता वा ढुङ्गाको छानो बाट निर्मित संरचनालाई बुझ्नु पर्नेछ ।

२. पक्की भवन भन्नाले सिमेन्ट, बालुवा, गिट्टी रड तथा ईट्टाले निर्मित संरचनालाई बुझ्नु पर्नेछ ।(पक्की भवन गाउँपालिकाबाट नक्सापास तथा भवन अभिलेखिकरण गरेको हुनुपर्नेछ) ।

आज्ञाले

ऋषिराम ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत